# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४) काठमाडौं, पुस २४ गते २०४१ साल (संख्या ३८

श्री ५ को सरकार

### संचार मन्त्रालयको

### सूचना

छापाखाना र प्रकाशनसम्बन्धी (पहिलो संशोधन) नियमावली, २०४१

छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०३९ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "छापाखाना र प्रकाशनसम्बन्धी (पहिलो संशोधन) नियमावली, २०४१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४० को नियम ३ मा संशोधनः छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४० (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को उप-नियम (४) को अन्त्यमा देहायको वाक्य थपिएको छः–

"उक्त म्यादभित्र छापाखाना राख्न नसकेको मनासिब कारण भएमा स्थानीय पदाधिकारीले ६ महीनासम्मको म्याद थप गर्न सक्नेछ" ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ४ मा संशोधनः मूल नियमावलीको नियम ४ को,–

(१) उप-नियम (२) पछि देहायको उप-नियम (२क) थपिएको छः–

"(२क) उप-नियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले तोकेको शैक्षिक दृष्टिकोणले कम विकसित क्षेत्रबाट छापी प्रकाशित हुने पत्र-पत्रिकाको निमित्त बैंक ग्यारेण्टी राख्नु नपर्ने गरी छुट दिन सक्नेछ ।"

(२) उप-नियम (४) पछि देहायको उप-नियम (४ क) थपिएको छः–

"(४क) श्री ५ को सरकारको कार्यालय, श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्था, त्रिभुवन विश्वविद्यालय र श्री ५ को सरकारको स्वीकृति प्राप्त शिक्षण संस्थाबाट वा श्री ५ को सरकारको स्वीकृति लिई कुनै संस्था वा निकायबाट आफ्नै कार्यालय, संस्था निकायको मुखपत्रको रूपमा प्रकाशित हुने पत्र-पत्रिकाको सम्बन्धमा उप-नियम (१) बमोजिमको दस्तुर र उप-नियम (२) बमोजिमको बैंक ग्यारेण्टीसम्बन्धी व्यवस्था र अनुसूची ६ मा तोकिएको सम्पादकको योग्यतासम्बन्धी व्यवस्था लागू हुनेछैन ।"

(३) उप-नियम (६) को अन्त्यमा देहायको वाक्यांश थपिएको छः–

"उक्त म्यादभित्र प्रकाशित गर्न नसकेको मनासिब कारण भएमा स्थानीय पदाधिकारीले तीन महीनासम्मको म्याद थप गर्न सक्नेछ ।"

(४) उप-नियम (६) पछि देहायको उप-नियम (७) थपिएको छः–

"(७) यस नियमबमोजिम दर्ता भएको पत्र-पत्रिका जुन जिल्लामा दर्ता गरिएको छ सोही जिल्लामा रहेको छापाखानाबाट छापी प्रकाशित गर्नु पर्नेछ ।"

४. मूल नियमावलीको नियम ५ मा संशोधनः मूल नियमावलीको नियम ५ को,–

(१) खण्ड (क) मा रहेको "तीनसय" भन्ने शब्दको सट्टा "दुईसय पचास" भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (क) मा रहेको "चार पृष्ठमा" भन्ने शब्दहरूको सट्टा "दुई पृष्ठमा" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल नियमावलीको नियम ६ मा संशोधनः मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छः–

"६. पत्र-पत्रिकाको न्यूनतम अङ्कः देहायका पत्र-पत्रिकाले प्रत्येक ६ महीनामा देहायबमोजिमको न्यूनतम अङ्क प्रकाशित गर्नु पर्नेछः–

(क) दैनिक – १२५ अङ्क

(ख) अर्ध साप्ताहिक – २५ अङ्क

६७५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) साप्ताहिक – २१ अङ्क
(घ) पाक्षिक – १० अङ्क
(ङ) मासिक – ५ अङ्क
(च) द्वैमासिक – २ अङ्क
(छ) त्रैमासिक – २ अङ्क

६. मूल नियमावलीको नियम २२ मा संशोधनः मूल नियमावलीको नियम २२ को सट्टा देहायको नियम २२ राखिएको छः–

"२२. मूल्याङ्कन समितिः (१) पत्र-पत्रिकालाई पुरस्कार, आर्थिक सहयोग वा अन्य सुविधा वा सहूलियत उपलब्ध गराउने प्रयोजनको लागि पत्र-पत्रिकाको मूल्याङ्कन गर्न देहायबमोजिमको मूल्याङ्कन समिति गठन गरिएको छः–

(क) श्री ५ को सरकारले तोकेको व्यक्ति – अध्यक्ष
(ख) प्रतिनिधि नेपाल पत्रकार संघ – सदस्य
(ग) श्री ५ को सरकारले तोकेको व्यक्ति दुईजना – सदस्य
(घ) निर्देशक, सूचना विभाग – सदस्य-सचिव

(२) सम्पादक वा प्रकाशकले आफ्नो पत्र-पत्रिका मूल्याङ्कन गराउन त्यस्तो पत्र-पत्रिका प्रकाशित भएको महीना भुक्तान भएपछि सो महीनामा प्रकाशित भएका प्रत्येक पत्र-पत्रिकाहरूको दुई दुई प्रति काठमाडौं उपत्यकामा प्रकाशित हुने भएमा सञ्चार मन्त्रालय र अन्यत्र प्रकाशित हुने भएमा जिल्ला कार्यालयमा पठाउनु पर्नेछ। यसरी सञ्चार मन्त्रालय वा जिल्ला कार्यालयमा प्राप्त हुन आएको पत्र-पत्रिकाको मोलको भुक्तानी सञ्चार मन्त्रालयबाट हुनेछ ।

(३) उप-नियम (२) बमोजिम प्राप्त हुन आएमा पत्र-पत्रिका सञ्चार मन्त्रालय र जिल्ला कार्यालयहरूले मूल्याङ्कन गर्नको निमित्त मूल्याङ्कन समितिमा पठाउनु पर्नेछ ।

७. मूल नियमावलीको नियम २६ मा संशोधनः मूल नियमावलीको नियम २६ को उप-नियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) श्री ५ को सरकारले "क" र "ख" श्रेणीमा परेको देहायको पत्र-पत्रिकालाई प्रत्येक वर्ष देहायबमोजिम आर्थिक सहयोग दिन सक्नेछः–

| पत्र-पत्रिका | श्रेणी र आर्थिक सहगोग "क" | "ख" |
|---|---|---|
| (क) दैनिक – | रू. १२,०००।– | रू. ८,०००।– |
| (ख) अर्ध साप्ताहिक – | रू. ९,०००।– | रू. ६,०००।– |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| (ग) साप्ताहिक – | रू. ८,०००।– | रू. ५,०००।– |
| (घ) पाक्षिक – | रू. ६,०००।– | रू. ५,०००।– |
| (ङ) मासिक – | रू. ५,०००।– | रू. ४,०००।– |
| (च) त्रैमासिक – | रू. ५,०००।– | रू. ४,०००।– |
| (छ) अर्ध वार्षिक – | रू. ५,०००।– | रू. ३,०००।– |
| (ज) वार्षिक – | रू. ३,०००।– | रू. २,०००।– |

८. मूल नियमावलीको नियम २६ मा संशोधनः मूल नियमावलीको नियम २६ मा रहेको "यस नियमावली विपरित कुनै कार्य गरेमा" भन्ने शब्दहरूको सट्टा "यस नियमावलीको कुनै कुरा विपरित वा यस नियमावली अन्तर्गत गरिदिएको शर्तनामा विपरित कुनै कार्य गरेमा" भन्ने शब्दहरू र "स्थगित वा बन्द गर्न सक्नेछ" भन्ने शब्दहरूको सट्टा "बन्द गर्नेछ" भन्ने शब्दहरू राखिएका छन् ।

९. मूल नियमावलीको नियम ३० मा संशोधनः मूल नियमावलीको नियम ३० को उप-नियम (२) को अन्त्यमा देहायको वाक्यांश थपिएको छः–

"र यो नियमावली प्रारम्भ हुनुभन्दा अघि दर्ता भएको पत्र-पत्रिकाहरूले नियम ४ को उप-नियम (२) बमोजिम बैंक ग्यारेण्टीको निस्सा पेश गर्नु पर्नेछैन ।"

१०. मूल नियमावलीको अनुसूची – १ मा संशोधनः मूल नियमावलीको अनुसूची – १ मा रहेको "र श्री ५ को सरकार, उद्योग विभागबाट प्राप्त ट्रेडमार्क" भन्ने शब्दहरू झिकिएका छन् ।

११. मूल नियमावलीको अनुसूची – ५ मा संशोधनः मूल नियमावलीको अनुसूची – ५ मा रहेको "र श्री ५ को सरकार, उद्योग विभागबाट प्राप्त ट्रेडमार्क" भन्ने शब्दहरू झिकिएका छन् ।

१२. मूल नियमावलीको अनुसूची – ६ मा संशोधनः मूल नियमावलीको अनुसूची – ६ मा रहेको "पन्द्रह दिन" भन्ने शब्दहरूको सट्टा "पैंतीस दिन" भन्ने शब्दहरू राखिएका छन् ।

१३. खारेजीः मूल नियमावलीको नियम १२ खारेज गरिएको छ ।

आज्ञाले,
जीवनलाल सत्याल
श्री ५ को सरकारको का. मु. सचिव

६५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।